# तुलसीपुर उपमहानगरपालिका
# नगर कार्यकालिकाको कार्यालय
## तुलसीपुर, दाङ्ग

## विद्युतीय सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

(दोश्रो पटक प्रकाशित मिति २०७७/१२/०९)

यस तुलसीपुर उपमहानगरपालिका कार्यालयको लागि तपसिलमा उल्लेखित कार्यहरु विद्युतीय शिलवन्दी दरभाउपत्रको माध्यमबाट खरीद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक फर्म, कम्पनी वा सप्लायर्सहरुबाट निम्न शर्तको अधिनमा रही रितपूर्वकको विद्युतीय सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

**तपसिल**

१. दरभाउपत्र फाराम खरीदको लागि तपसिलमा उल्लेखित काम संग सम्बन्धित नविकरण भएको इजाजतपत्र, आयकरदर्ता प्रमाणपत्र, मू.अ.क. दर्ता प्रमाणपत्र, फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र र आ.ब. ०७६/०७७ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि पत्रको नोटरी प्रमाणित सहित निवेदन दिई यो सूचना दोश्रो पटक प्रकाशित भएको मितिले १५ (पन्द्र) दिन सम्ममा तपसिलमा उल्लेखित दस्तुर जम्मा गरी (फिर्ता नहुने गरी) दरभाउपत्र सम्बन्धी कागजातहरु ***www.bolpatra.gov.np/egp*** बाट खरीद गर्न सकिनेछ । विद्युतीय दरभाउपत्रका लागि लाग्ने दस्तुर रु. १,०००।०० मेगा बैंक लिमिटेड तुलसीपुर दाङ स्थित तुलसीपुर उपमहानगरपालिका कार्यालय दाङको आन्तरिक राजश्व खाता नं ०३८००१००७९०४३ मा जम्मा गरेको भौचरको scan copy समेत पेश (upload) गर्नु पर्ने छ ।

२. दरभाउपत्र खरीद र दर्ता गर्ने अन्तिम दिन विदापरेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा उपरोक्त अनुसारको कार्य हुनेछ ।

३. दरभाउपत्र साथ जमानत वापतको निम्न विवरणमा उल्लेखित रकम मेगा बैंक तुलसीपुर, दाङ स्थित तुलसीपुर उपमहानगरपालिका कार्यालय दाङको धरौटी खाता नं. ग-३-०३८००१००७९१७८ मा जम्मा गरेको सक्कल भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिवाट ७५ दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त क वर्गको बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत (बैंक ग्यारेन्टी) पेश गर्नु पर्नेछ ।

४. कालोसुचीमा नपरेको स्वयं घोषणापत्र समेत पेश गर्नु पर्नेछ ।

५. दरभाउपत्र दाताले लागत अनुमान भन्दा १५% भन्दा कम अंक कबोल गरेमा कबोल अंकको ५% र लागत अनुमानको १५% भन्दा बढी घटेर कबोल गरेको अवस्थामा १५ % भन्दा जति घटि कबोल गरेको सो को ५०% ले हुन आउने रकम कबोल अंकको ५% मा थपगरि कार्य सम्पादन जमानत राख्नु पर्नेछ ।

६. कार्यालयको हितलाई ध्यानमा राखी दरभाउपत्र स्वीकृत गर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा स्वीकृत नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

७. सूचनामा उल्लेख नभएको कुराहरुका हकमा सार्वजनिक खरिद ऐन,२०६३ एवं नियमावली,२०६४ र प्रचलित कानून बमोजिम हुनेछन् ।

८. दरभाउपत्र मा मू.अ.क. बाहेकको दररेट उल्लेख गर्नु पर्ने छ दरभाउपत्र भर्दा दररेट स्पष्ट रुपमा अक्षर र अंकमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । म्याद नाघी आएको र रित नपुगेको दरभाउपत्र उपर कुनै कार्वाही गरिने छैन ।

९. एक फर्मको नाममा खरीद गरिएको दरभाउपत्र अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।

१०. सूचनामा उल्लेख नभएको कुराहरुका हकमा सार्वजनिक खरिद ऐन,२०६३ एवं नियमावली,२०६४ र प्रचलित कानून बमोजिम हुनेछन् ।

११. खरिद गरिने सामाग्रीको स्पेसिफिकेसन तथा थप जानकारीका लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ, साथै यो सुचना तुलसीपुर उपमहानगरपालिकाको वेभसाइट www.tulsipurmun.gov.np बाट समेत डाउनलोड गरी हेर्न सकिन्छ ।

१२. कामको विवरण निम्नानुसारको छ ।

| सि.नं. | ठे.नं . | कामको विवरण | संख्या | ल.ई.रकम ( मु.अ.क. सहित) | जमानत रकम | फाराम खरीद दस्तुर | माध्यम |
|---|---|---|---|---|---|---|---|
| १ | TSMC/SQ/03/G/077/78 | Supply and Delivery of Laptop Computers | १२ वटा | ६,००,०००।०० | १७,०००।०० | १,०००।- | विद्युतीय दरभाउपत्र |

नि. प्रमुख प्रशासकीय अधिकृत
तुलसीपुर उपमहानगरपालिका कार्यालय
बासुदेव अधिकारी
लेखाप्रमुख(अधिकृतस्तर आठौं)

# तुलसीपुर उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल

फोन नं.: ०८२-५२०२३३
दमकल ५२०३०५
५२०३२६
५२२०३६


पत्रसङ्ख्या :- 077/078
चलानी नं. :- 2235

मिति:२०७७/१२/११

विषय : भुल सुधार सम्बन्धमा

जो जससंग सम्बन्ध राख्दछ

यस कार्यालयको मिति २०७७/१२/०९ गते विद्युतीय सिलबन्दी दरभाउपत्र आव्हानको सूचना ठे.नं. TSMC/SQ/03/G/077/78 Supply and Delivery of Laptop Computers खरिदको विवरण तालिकामा कबोल अंक भ्याट बाहेक रु.६००,०००।– हुनुपर्नेमा अन्यथा हुन गएकाले भुलसुधार गरिएको व्यहोरा अनुरोध छ ।

.....................................

भाष्कर राज गौतम
नि. प्रमुख प्रशासकीय अधिकृत